# Marbled Cat
# छिरबिरे बिरालो



Concept: Sagar Dahal
Text: Sagar Dahal and Badri Vinod Dahal
Review: Ganga Ram Regmi
Translation: Badri Vinod Dahal
Illustration: Kuldip Jang Bahadur Gurung
Map: Ganga Ram Regmi
Design: Santosh Kumar Dahal

**© Small Mammals Conservation and Research Foundation (SMCRF) 2020**

**All rights reserved**

Any reproduction of this publication in full or in part must mention the title and credit to SMCRF.

**Illustrations**

Small Mammals Conservation and Research Foundation (SMCRF)/Kuldip Jang Bahadur Gurung

**Citation**


SMCRF (2020). Marbled Cat

**Acknowledgement**

This booklet is made possible by the generous support of Big Cat Rescue.

## Morphology and Structure

The Marbled Cat (*Pardofelis marmorata* Martin, 1836) is one of the rare and illusive among the small cat groups. Genetically, the Marbled Cat is member of the Bay Cat lineage and is thought to have evolved almost 5.41 million years ago. The Marbled Cat, looks like a miniature form of a clouded leopard with a cloud-like spot pattern on the body. The black-edged blotches on the sides of its body are less distinct and black spots on the limbs are more numerous. Marbled cat possesses shorter, rounder skull and a long bushy tail equal to the length of its own body.Total length of the body of this species is 48cm. and length of tail is 47cm. The color of this species is from tawny brownish grey to richer ochreous brown. The patterns of so called marbled spots are presents on the crown, neck, back of larger or small blotches in the limbs, underside and tail. The marbled blotches of the flanks are variable in size.




## शारीरिक बनावट

सानो बिरालो वर्गमा पर्ने छिरबिरे बिरालो लज्जालु स्वभावको हुन्छ । आनुवंशिक तवरले बे क्याटको नजिक रहेको यो बिरालोको जाती करिब ५४ लाख वर्षदेखि अस्तित्वमा रहेको विश्वास गरिन्छ । ध्वाँसे चितुवा जस्तै यसमा पनि स-साना खिया रङ्का चिन्हहरू रहेका हुन्छन् । कालो किनारा भएका यी चिन्हहरू प्रष्ट रूपमा नदेखिएता पनि अगाडि पछाडि प्रसस्तै रहेका हुन्छन् । यसको सानो, गोलो टाउको हुन्छ र शरीर जत्तिकै लामो भुवादार पुच्छर हुन्छ र यही पुच्छरको सहयोगले यसले आफुलाई सन्तुलनमा राखेको हुन्छ । यसको शरीरको लम्बाई ४८ से.मि. तथा पुच्छरको लम्बाई ४७ से.मि. मापन गरिएको छ । यसको शरीर गाढा पहेंलो खैरो रङ्को हुन्छ । यसको टाउको, घाँटी तथा तल्लो भागमा धर्का हुन्छन् तथा शरीरमा भएका चिन्हहरू विभिन्न साइजका हुन्छन् ।

## Distribution and Population

Marbled Cat is recorded only from Panchthar district of Nepal. Besides Panchthar, it is believed that Marbled Cat is found in the eastern Himalayan forests of Kanchenjunga Conservation Area and Makalu Barun National Park. One specimen was found at Nawalparasi district in the early 1980s but the source of this specimen is not clear. Globally, Marbled Cat is found in the Himalayan foothills of South East Asia from Nepal, India, China, Malaysia, Indonesia, Bangladesh, Bhutan, Myanmar, Thailand, Brunei, Cambodia and Vietnam. Nepal is probably the westernmost distribution point of Marbled Cat. The Global population of Marbled Cat is expected to be more than 10,000 individuals but National Population is unknown.





## भौगोलिक विस्तार र सङ्ख्या

हालसम्म नेपालमा यो प्रजातीको बिरालो पाँचथर जिल्लामा मात्र पाइएको छ । नेपालमा पाँचथर वाहेक यो प्रजाती अन्य पूर्वी हिमाली क्षेत्रहरू जस्तै, कञ्चनजङ्घा संरक्षण क्षेत्र तथा मकालु बरूण राष्ट्रिय निकुञ्जमासमेत पाइने अपेक्षा गरिएको छ । धेरै पहिले यसको छाला नवलपरासी जिल्लामा पाइएको भन्ने उल्लेख भए तापनि उक्त छाला कहाँबाट ल्याइएको हो भन्ने प्रष्ट छैन । यो छिरबिरे बिरालो नेपाललगायत दक्षिणपूर्वी एशियाका देशहरू भारत, बंगलादेश, भुटान, म्यानमार, चीन, भियतनाम, कम्बोडिया, ब्रुनाई, थाइल्याण्ड, मलेशिया तथा इन्डोनेशियामा पाइन्छ । छिरबिरे बिरालोको कुल सङ्ख्या १०,००० भन्दा बेसी भएको अनुमान गरिएको छ तर राष्ट्रिय सङ्ख्या चाही अज्ञात नै छ ।

## Habitat

Marbled Cat is primarily found in moist and mixed deciduous-evergreen tropical forest and prefers hilly forests. Marbled Cat is also found in secondary, logged forests and cattle grazed forest. In Nepal, the cat is found in upper temperate broad leaved forest with pasture at an elevation of 2750 m. above sea level.

## वासस्थान

छिरबिरे बिरालो दक्षिण पूर्वी एसियाका उष्ण, उपोष्ण तथा शितोष्ण जङ्गलहरूमा पाइन्छ । यो प्रजाती पुरानो जङ्गल काटिई नयाँ बनेका जङ्गल, कटान गरिएका क्षेत्रहरू तथा चरण क्षेत्रमासमेत पाइएका छन् । खास गरी इन्डोनेशिया तथा मलेसियाका जङ्गलहरू विनास भए तापनि यिनीहरू त्यस स्थानमा आफुलाई अनुकुलन गराउन सकेका छन् । नेपालमा यो प्रजातीको बिरालो समुन्द्री सतहबाट २७५० मि. माथि रहेको शितोष्ण क्षेत्रको चौडापाते जङ्गलमा पाइएको छ ।



## Feeding Behavior

Marbled Cat is believed to be a nocturnal that is active mostly during dusk and night. Very little is known about the feeding behavior of the Marbled Cat in the wild however it is believed that Marbled Cat prey on birds, rodents, squirrels and hanging animals like bats.

## आहार व्यवहार

छिरबिरे बिरालो मांसाहारी जनावर हो । यस बिरालो प्रजातीको बारेमा पर्याप्त अध्ययन गर्न नसकिएकोले प्राकृतिक अवस्थामा के के खान्छ भनेर भन्न सकिने अवस्था छैन तथापी यसले केही चराहरू, मुसा, छुचुन्द्रा, लोखर्के, चमेरालगायतका साना जनावरहरू मारेर खान्छ भन्ने अनुमान गरिएको छ ।



## Reproduction and Life Cycle

Marbled Cat gets sexually matured at an average age of 21-24 months. It is believed that mating occurs during winter but it is not proved yet. After a gestation period of 81 ± 6 days, females give birth to litter of one to four. In captive, Marbled Cat survives up to 10 years and probably less than ten years in natural condition.

## प्रजनन र जीवन चक्र

छिरबिरे बिरालो पहिलो पटक प्रजननको लागि करिब २१ देखि २४ महिनासम्ममा तयार हुन्छ । यिनीहरूको संसर्ग सामान्यतया जाडो महिनामा (पौष देखि फाल्गुण) हुने अनुमान गरिन्छ तर यो बारेमा हामी सँग पर्याप्त जानकारी उपलब्ध छैन । गर्भ बसेको करिब ८१ ± ६ दिन पछि बच्चा जन्मिन्छ । पोथी बिरालोले एक पटकमा १ देखि ४ वटासम्म बच्चा जन्माउछे । सामान्यतया यो बिरालो प्राकृतिक अवस्थामा ८ वर्ष तथा व्यवस्थित चिडियाखानाहरूमा १० वर्षसम्म बाँच्न सक्छ ।



## Social Behavior

Marbled Cat is a solitary animal except during breeding season and when a female is accompanied by her cubs. Marbled Cat is one of the most arboreal small cat species that spends most of the time in trees. Very little is known about the social behavior of this species because of limited ecological research.

## सामाजिक व्यवहार

छिरबिरे बिरालो अन्य बिरालो प्रजातीहरू जस्तै एक्लै बस्न रूचाउने जनावर हो। भाले पोथी संसर्ग गर्ने अवस्थामा तथा पोथी आफ्ना बच्चाहरूसँग हुँदा मात्र यो एक्लै बस्दैन। यो रूखमा धेरै रमाउने जनावर हो र अधिकतम समय रूखमा नै बिताउने गर्छ। यस प्रजातीको सामाजिक वानी व्यहोराको बारेमा पर्याप्त अध्ययन गर्न नसकिएकाले धेरै कुराहरू थाहा पाउन सकिएको छैन।



## Conservation Challenges/Threats

In Nepal, there are no any evidences of illegal trade of this species or conflict with human. Due to inadequate information, it is difficult to list the specific threats to Marbled Cat in Nepal. The general threats to this species are deforestation, mining, hydropower construction, heavy grazing around its distribution. In few villages of Aunanchal Pradesh (India), the Marbled Cat is killed by hunters during the celebration of Myoko festival by the indigenous community named Apatani in March/April every year.

## संरक्षण चुनौति

नेपालमा यो प्रजातीको अवैध व्यापार भएको प्रमाण हालसम्म फेला परेको छैन । साथै स्थानीय मानिसहरूसँग यो प्रजातीसँग कुनै प्रकारको द्वन्द पनि छैन । यस प्रजातीको बारेमा पर्याप्त अध्ययन गर्न नसकिएकाले यस प्रजाती संरक्षणका चुनौतीहरूको बारेमा पनि धेरै कुराहरू थाहा पाउन सकिएको छैन । सामान्यतया यसको वासस्थान क्षेत्रमा वनफँडानी, खानी उत्खनन, जलविद्युत आयोजनाहरूको सञ्चालन, अत्याधिक चरिचरणनै यस प्रजातीको संरक्षणका मुख्य चुनौतीहरू हुन । भारतको अरूणाञ्चल प्रदेशको केही गाउँहरूमा यस छिरबिरे बिरालोलाई त्यहाँका आपतानी समुदायका मानिसहरूले हरेक वर्ष म्योको चाड मनाउन मार्ने गरेको पाइन्छ ।



## Conservation and Legal Status

Marbled Cat is categorized as Near Threatened and Data deficient respectively on the Global and National IUCN Red List Assessment. This species is listed in Appendix I of Convention on International Trade in Endangered Species of Wild Fauna and Flora (CITES) agreement. According to National Parks and Wildlife Conservation Act, 1973 A.D. (2029 B.S.), harming or killing or carrying trophies of this cat is a punishable crime with the penalty of NPR 20,000-50,000 or imprisonment of 6-12 months or both. According to the act to regulate and control international trade in endangered wild fauna and flora 2017 A.D. (2073 B.S.), harming or carrying trophies of this cat is punishable crime with the penalty of NPR 5,00,000.00-10,00,000.00 or imprisonment of 5-15 years or both.



## संरक्षण र कानुनी व्यवस्था

छिरबिरे बिरालोलाई आइ.यु.सि.एन.को अन्तर्राष्ट्रिय र राष्ट्रिय रातो सूचीले क्रमशः न्यून संवेदनशिल र डाटा नभएको भनेर वर्गिकरण गरेको छ । अन्तर्राष्ट्रिय महासन्धि साइटिसले भने यसलाई अनुसुची १ मा राखेको छ । नेपालको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मा कसैले छिरबिरे बिरालोलाई मारेमा, घाईते बनाएमा, कुनै प्रकारले हानी पुऱ्याएमा वा बेचविखन गरेको पाईएमा अभियुक्तलाई बीस हजारदेखि पचास हजार रूपैंया जरिवाना, त्यसै गरी ६ महिनादेखि १ वर्षसम्म कैद वा दुवै सजाय हुने प्रावधान छ । त्यसैगरी सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७३ मा अनुसुची १ मा उल्लेखित छिरबिरे बिरालोको खरीद बिक्रि गर्ने, आफुसँग राख्ने, प्रयोग गर्ने, पालन पोषण गर्ने, ओसार पसार गर्ने, निकासी वा पैठारी गर्ने वा गराउनेलाई पाँचलाखदेखि दशलाख रूपैंयासम्म जरिवाना, पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद सजाय वा दुवै हुने प्रावधान छ ।

| Key Facts<br>मुख्य विशेषता | |
|---|---|
| Common Name<br>नाम | Marbled Cat<br>छिरबिरे बिरालो |
| Scientific Name<br>वैज्ञानिक नाम | *Pardofelis marmorata* Martin, 1836 |
| Global Status<br>अवस्था (विश्व) | Near Threatened<br>न्यून संवेदनशिल |
| National Status<br>अवस्था (राष्ट्रिय) | Data Deficient<br>डाटा नभएका |
| National Distribution<br>फैलावट (राष्ट्रिय) | Panchthar district<br>पाँचथर जिल्लामा |
| Global Population<br>सङ्ख्या (विश्व) | More than 10,000 individuals.<br>१०,००० भन्दा बढी |
| National Population<br>सङ्ख्या (राष्ट्रिय) | Unknown<br>अज्ञात |
| Global Distribution<br>फैलावट (विश्व) | Himalayan foothills of South East Asia from Nepal, India, China, Malaysia, Indonesia, Bangladesh, Bhutan, Myanmar, Thailand, Brunei, Cambodia and Vietnam<br>यो छिरविरे बिरालो नेपाल लगायत दक्षिणपूर्वी एशियाका देशहरू भारत, बंगलादेश, भुटान, म्यानमार, चीन, भियतनाम, कम्बोडिया, ब्रुनाई, थाईल्याण्ड, मलेशिया तथा ईन्डोनेशियामा पाइन्छ । |
| Threats<br>खतरा | No known threats in Nepal<br>नेपालमा यो प्रजातीको बिरालोलाई रहेको प्रत्यक्ष खतरा तथा अवैध व्यापार भएको प्रमाण हालसम्म फेला परेको छैन । |

Small Mammals Conservation and Research Foundation (SMCRF) is a non-profit making, non-governmental organization based at Kathmandu, Nepal. It is dedicated to the conservation and research of biodiversity in Nepal with particular reference to diversity and conservation of small mammals since 2009. Apart from conservation and research in biodiversity, SMCRF is also involved in promoting livelihood on community through conservation, formulating conservation policy, developing multi-stakeholder partnership promoting leadership and promoting future generation of wildlife researcher and conservation biologist. The research on small mammals is rare and so the conservation initiative is on the opening stage. SMCRF joins for the goal of development of this sector.



Small Mammals Conservation and Research Foundation (SMCRF)
Balkhu, Kathmandu
Nepal

URL: www.smcrf.org

Email: info@smcrf.org

Phone No: 9803607763